आज मिति २०८१ साल असोज ७ गते सोमबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८१/८२ को तेस्रो बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थितिः**

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका– २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका– ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका– ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका– ५

का. पा. .सः श्री किप्पा थोक्रा

श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री कृष्ण वहादुर के.सी. कुँवर, प्रमुख प्रशासकीय अधिकृत

**आमन्त्रित**

लेखा अधिकृत श्री वाचस्पति सुनुवार

लेखा अधिकृत श्री गोपी पराजुली

शाखा अधिकृत श्री लिलानाथ नेपाल

रोजगार संयोजक श्री दावा मेन्दो तामाङ

**प्रस्ताव तथा छलफलका विषयहरू:**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. प्रधानमन्त्री रोजगार कार्यक्रमको वेरोगारहरुको सूची सार्वजनिक तथा ज्यालादर सम्बन्धमा।
३. घरभाडा सम्बन्धमा ।
४. सहिद स्मृति खेल मैदानको DPR गराउने सम्बन्धमा ।
५. भू-उपयोग नक्शा स्विकृत गर्ने सम्बन्धमा ।
६. वर्षातको समयमा सडक सुचारु गर्न लगाईएका कामदारहरुको रकम भुक्तानी सम्बन्धमा ।
७. IEE गराउने र सो का लागि जिम्मेवारी तोक्ने सम्बन्धमा ।
८. आवाधिक योजना तथा प्रोफाईल निर्माण सम्बन्धमा ।
९. शिक्षा समितिको निर्णय अनुमोदन तथा अध्यक्ष विकास कार्यक्रमबाट रकम बाँडफाँड सम्बन्धमा ।
१०. वडा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
११. कालिका गा.पा. ४ नं. वडा कार्यालयको जग्गा रजिष्ट्रेसन पासका लागि प्रतिनिधी तोक्ने सम्बन्धमा ।
१२. विपद्/प्रकोप व्यवस्थापन कोषको बाँडफाँड सम्बन्धमा ।
१३. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**

कालिका गाउँपालिकाको मिति २०८१।०५।१९ गते बसेको आ.व. २०८१/०८२ को दोस्रो कार्यपालिका बैठकको निर्णय कार्यान्वयको समिक्षा गर्दा निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएको पाईयो ।

**निर्णय नं. २**

कालिका गाउँपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चालु आ.व. २०८१/०८२ का लागि वेरोजगार सूचीमा सूचीकृत हुन प्राप्त भएका निवेदनहरु मध्ये वेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन २०७६ को बुँदा नं. १० बमोजिम निर्धारण भएको वेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रमको सूची प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशीका २०७५ को दफा २१ को उपदफा ४ बमोजिम अन्तिम सूचीमा सूचीकृत गर्न र सूची सार्वजनिक गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको स्थानीय निर्देशक समितिको मिति २०८१।०६।०२ को वैठकबाट अनुरोध भै आए अनुसार तपशिल बोजिमको सूची गाउँपालिका र सम्बन्धित वडा कार्यालयको सूचना पार्टीमा टाँस गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | वडा नं. | सूचीकृतका लागि पेश भएका जम्मा आवेदन संख्या | आ.व. २०८१/०८२ का लागि प्राथमिकता क्रममा परेका वेरोजगार संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | १० | |
| १ | १ | ८८ | १८ | |
| २ | २ | ८४ | २० | |
| ३ | ३ | ७४ | ६ | |
| ४ | ४ | ३३ | ११ | |
| ५ | ५ | ५६ | ६५ | |
| कुल जम्मा | | ३३५ | | |

**निर्णय नं. ३**

कालिका गाउँपालिका अन्तरगतका वडा नं. ४ र ५ को वडा कार्यालय भाडामा संचालन भै रहेको सन्दर्भमा चालु आ.व. २०८१/०८२ को श्रावण देखि घरभाडा १० देखि १५ प्रतिशत वृद्धि गर्न सम्बन्धित घरधनीको निवेदन सहित सम्बन्धित वडा कार्यालयबाट सिफारिस भै आएको सन्दर्भमा गत आ.व.हरुको घरभाडा सम्झौतामा उल्लेख भएका शर्तहरु, प्रचलित स्थानीय भाडा दर तथा गाउँपालिकाबाट घरभाडा शिर्षकमा विनियोजित बजेट समेतलाई मध्येनजर गरी आवश्यक निर्णय गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

कालिका गाउँपालिका वड नं. ३ मा कालिका गाउँपालिका र वागमती प्रदेश सरकारको समपुरक अनुदानमा चालु आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने गरी स्विकृत कार्यक्रम शहिद स्मृति खेल मैदान कार्यको ठेक्का प्रक्रिया अगाडि वढाउन गाउँपालिकामा रहेका प्राविधिकको क्षमताले नपुग हुने तथा विशेषज्ञ प्रविधिकहरुको परामर्श आवश्यक पर्ने भएकोले गाउँपालिकामा सूचिकृत परामर्शदाता मार्फत शहिद स्मृति खेल मैदान शिर्षकमा विनियोजित बजेट बाटै खर्च व्यहोर्ने गरी उक्त शहिद स्मृति खेल मैदान निर्माण कार्यको DPR गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

कालिका गाउँपालिकाको भू-उपयोग/जग्गा वर्गीकरण योजना तथा नक्शा निर्माण गरी गाउँपालिकाबाट जग्गा वर्गीकरण मापदण्ड स्विकृत गरी आवश्यक स्विकृती तथा कार्यान्वयनका लागि नापी विभागमा पठाइएको सन्दर्भमा जग्गा वर्गीकरण मापदण्ड अनुसारको नक्शा अद्यावधिक गर्ने क्रममा प्राविधिक त्रुटी भएको पाईएकोले जग्गा वर्गीकरण मापदण्ड अनुसार भू-उपयोग नक्शा अद्यावधिक गरी खाका सहित स्विकृतीका लागि नापी विभागमा पुन पेश गर्ने तथा आवश्यक प्राविधिक सहयोगका लागि नापी विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कालिका गाउँपालिका वडा नं. ४ ले वडाको वजेट अन्तरगत चालु आ.व. २०८१/०८२ मा वर्षातको समय २ महिनाका लागि अवरुद्ध कच्ची सडक संचालन गर्न स्वयंसेवक व्यवस्थापन शिर्षकमा रु. ५० हजार विनियोजन गरी वर्षातको समय अर्थात श्रावण र भाद्र महिनामा अवरुद्ध सडक खोल्ने कार्यका लागि स्वयंसेवक परिचालन गरी निजहरुको डोर हाजिरी समेत संलग्न गरी रकम भुक्तानीका लागि सिफारिस गरेको सन्दर्भमा उल्लेखित रकम सम्बन्धित स्वयंसेवकलाई बैंक खाता मार्फत भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

कालिका गाउँपालिकाको वडा नं. १ अन्तरगत पर्ने त्रिशुली खोला नदि किनारा र वडा नं. ३ र ४ अन्तरगत पर्ने फलाखुखोला धोविखोला र पाखाखोला नदि किनारामा नदिले ल्याई थुपारेका नदिजन्य पदार्थ ढुंगा गिट्टी वालुवा ग्रवेल तथा माटो उत्खनन गरी विक्री वितरणका लागि ठेक्का प्रक्रियामा जान परामर्शदाता मार्फत प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन र प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयारी पश्चात स्विकृतीका लागि विभिन्न निकायमा गाउँ कार्यपालिकाको तर्फबाट गर्नुपर्ने आवश्यक समन्वय तथा सहजिकरण गर्न वडा नं. ४ का वडा अध्यक्ष श्री खेसम तामाङलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

कालिका गाउँपालिकाको चालु आ.व. २०८१/०८२ मा गाउँपालिका प्रोफाइल तथा आवाधिक योजना अध्यावधिक शिर्षकमा विनियोजित बजेट रु.५ लाखबाट सूचिकृत परामर्शदाता मार्फत गाउँपालिकाको प्रोफाईल र आवाधिक योजना अध्यावधिक गर्ने कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

कालिका गाउँपालिकाको शिक्षा समितिद्धारा तपशिल बमोजिमको निर्णय गरी अनुमोदन तथा आवश्यक वजेट व्यवस्थाको लागि गाउँ कार्यपालिका समक्ष पेश भएको सन्दर्भमा तपशिलको ग बाहेक क र ख बमोजिमको बजेट चालु आ.व. २०८१/०८२ को स्विकृत अध्यक्ष विकास कार्यक्रम शिर्षकबाट सुनिश्चितता गर्ने निर्णय गरियो ।

क. शैक्षिक सत्र २०८० मा राम्रो नतिजा ल्याउने विद्यालय विद्यार्थी र शिक्षकलाई सम्मानका लागि रु. १,८९,५००।– व्यवस्थापन गर्ने ।

ख. आ.व. २०८०/०८१ को विद्यालय सहयोगी कर्मचारीहरुको अपुग तलबभत्ता रु. ३,५७,७४६।– व्यवस्थापन गर्ने ।

ग. कालिका हिमालय क्याम्पस प्रमुख श्री केशव रिजाललाई विहान १०:०० बजे देखि दिउँसो ४:०० बजे वाहेकको अतिरिक्त समयमा अन्य आर्थिक लाभ प्राप्त हुने काम गर्न अनुमती प्रदान गर्ने ।

साथै अध्यक्ष विकास कार्यक्रम बाट अन्य तपशिल बमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | धैवुङ खानेपानी आयोजनाका लागि नपुग पाईप खरिद तथा व्यवस्थापन | कालिका-२ | रु. ५,००,०००।- | |
| २ | फोहरमैला व्यवस्थापनका लागि डष्टबिन खरिद तथा व्यवस्थापन | कालिका-२ | रु. ६,५०,०००।- | |

**निर्णय नं. १०**

कालिका गाउँपालिका वडा नं. ३ को वडा समितिको मिति २०८१/०६/०६ गतेको बैठकबाट सुन्धारा युवा क्लव धारापानी कालिका-३ रसुवा लाई सम्बन्धित वडाको साना तथा आकस्मिक कार्यक्रम शिर्षकबाट सरसफाई तथा खेलकुद कार्यक्रम संचालन गर्न रु.४५,०००।- अनुदान सहयोग उपलब्ध गराउने भनी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

कालिका गाउँपालिका वडा नं. ४ को वडा कार्यालय भवन निर्माणका लागि सम्बन्धित वडा कार्यालयद्धारा निशुल्क जग्गा प्रासीको लागि प्रकाशित सूचना अनुसार विभिन्न मितिमा पर्न आएको निवेदनहरु मध्ये वडा कार्यालय निर्माणका लागि तपशिल बमोजिमका जग्गा उपर्युक्त भएकोले निशुल्क जग्गा प्रासीको प्रक्रिया अगाडि बढाउने भनी वडा समितिबाट भएको निर्णयानुसार तपशिलको जग्गा धनीको तपशिल बमोजिमको जग्गा कालिका गाउँपालिका वडा नं. ४ को नाममा निशुल्क रजिष्ट्रेशन पास गर्न जिल्ला मालपोत कार्यालय रसुवा तथा नापी कार्यालय रसुवामा उपस्थित भै गाउँपालिका तथा वडा कार्यालयको तर्फबाट गर्नुपर्ने सम्पूर्ण प्रशासनिक कार्य गर्न/गराउन यस गाउँपालिकामा कार्यरत कर्मचारी सहायक पाँचौं एवं वडा नं. ४ का वडा सचिव श्री माधव प्रसाद देवकोटालाई प्रतिनिधी तोक्ने निर्णय गरियो।

तपशिल

| क्र. सं. | जग्गाधनीको नाम ठेगाना | साविक गाविस/ वडा नं. | हालको वडा नं. | कित्ता नं. | जग्गाको जम्मा क्षेत्रफल | वडा कार्यालयको नाममा निशुल्क प्रास हुने जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खुप प्रसाद ढकाल | भोर्ले-८ | कालिका-४ | ४६५ | १-१५-०-० | १-०-०-० | |

**निर्णय नं. १२**

कालिका गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा विपद्/प्रकोप व्यस्थापन कोषबाट तपशिल बमोजिमको रकम बाँडफाँड गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | रुप्सेपानी स्थित नेत्र प्रसाद पौडेलको घर संरक्षण | कालिका-४ | रु. १,५०,०००।- | |
| २ | विशाल वि.क. को घर संरक्षण | कालिका-२ | रु. २०,०००।- | |

**निर्णय नं. १३ विविध १**

कालिका गाउँपालिकाको वडा नं. २ मा संचालनमा रहेको धैवुङ खानेपानी आयोजना स्किम नं. १ र २ का निर्माण व्यवसायीहरुले कार्य सम्पन्न भएकोले प्रविधिक खटाई नापजाँच/अनुगमन मुल्याङ्कन गरी रकम भुक्तानी पाउँ भनी दिएको निवेदन छलफल गर्दा उक्त कार्य ल.ई. अनुसार भए वा नभएको, गुणस्तरीय कार्य भए नभएको एकिन गरी भुक्तानी तथा गाउँपालिका स्तरीय अनुगमन समिति समक्ष पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३ विविध २**

कालिका गा.पा. वडा नं. ५ को निलकण्ठ नमुना मा.वि.को निर्माणाधिन भवनको उत्तरतर्फ भवन निर्माण गर्ने क्रममा भवन संरक्षणको लागि अवश्यक संरचना निर्माणका लागि जग्गाधनी जित वहादुर तामाङको कि.नं. १०४७ क्षेत्रफल ५-१-२-२ को जग्गा मध्ये करिब २-८-०-० क्षेत्रफल जग्गा अनिवार्य प्रयोग गर्नुपर्ने अवस्था आएकोले मिति २०८१-०५-१९ गतेको निलकण्ठ नमुना मा.वि.को अस्थायी टहरो निर्माणको जग्गा भाडामा लिंदाको न्यूनतम कवुल दर रु. ४३,५००।- प्रति वर्ष/प्रति रोपनी प्रदान गर्ने गरी भवन निर्माण अविधि भर जग्गा भाडामा लिने तथा विद्यालय संचालनका लागि बनेको संरचनाबाट सामाग्री स्टोर गर्न र कम्प्युटर ल्याब संचालन गर्न ३ वटा कोठा प्रति कोठा मासिक रु. २५००।- कर समेत भुक्तानी हुने गरी विद्यालय भवन निर्माण भै हस्तान्तरण नभए सम्मका लागि भाडामा लिने निर्णय गरियो ।